भाग ३

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

सूचना

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७५

प्रस्तावना : स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ को नियम ३ मा संशोधन** : स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "पन्ध्र दिन भित्र" भन्ने शब्दहरुको सट्टा "साठी दिन भित्र" भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>मूल नियमावलीको नियम ९ मा संशोधन</u> : मूल नियमावलीको नियम ९ को उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कार्तिक मसान्त भित्र" भन्ने शब्दहरुको सट्टा "पौष मसान्त भित्र" भन्ने शब्दहरू राखिएका छन् ।

४. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u> : मूल नियमावलीको नियम ११ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) स्थानीय तहले उपनियम (२) बमोजिम कार्यक्रम कार्यान्वयनको लागि प्रचलित कानून बमोजिम बोलपत्र आव्हान गर्दा घटी कबोल भई वा अन्य कुनै कारणले यस नियमावली बमोजिम आयोजनाको लागि छुट्याईएको रकम बचत हुन गएमा समितिले सोही आयोजनामा थप काम गर्न वा नियम ९ बमोजिम छनोट भएका सम्बन्धित स्थानीय तहको अर्को कुनै आयोजनाको लागि त्यस्तो रकम उपलब्ध गराउन सक्नेछ ।"

आज्ञाले,
दिनेश कुमार थपलिया
नेपाल सरकारको सचिव